# भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरुको संरक्षण एवं पुनर्निर्माण सम्बन्धी आधारभूत निर्देशिका-२०७२

**प्रस्तावना**

२०७२ साल बैशाख १२ गते गएको करिब ७.६ रेक्टर स्केलको भूकम्प र त्यसपछिका धेरै परकम्पनहरुले मध्य नेपालका विभिन्न भागमा धनजनको ठूलो क्षति भएको छ । यस विनाशकारी भूकम्पले करिब ८,९०० जनाको ज्यान लिएको छ भने करिब २२,००० जना घाइते भएका छन् । त्यस्तै लाखौं निजी र सार्वजनिक संरचनाहरु पूर्णरुपले क्षतिग्रस्त भएका छन् भने लाखौंमा आशिंक क्षति पुगेको छ ।

विनाशकारी भूकम्पले हाम्रा थुप्रै ऐतिहासिक एवं सांस्कृतिक सम्पदाहरुलाई पनि ठूलो क्षति पुऱ्याएको छ । पुरातत्व विभागको क्षति मूल्याङ्कन प्रतिवेदन अनुसार काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट, गोर्खा लगायतका हजार भन्दा बढी स्मारकहरुलाई क्षति पुगेको छ । यस मध्ये सबैभन्दा धेरै काठमाडौं उपत्यका विश्व सम्पदा सूचीमा सूचीकृत स्मारकहरुमा क्षति पुगेको छ । त्यसमा पनि हनुमानढोका दरबार क्षेत्रका करिब ९० प्रतिशत स्मारकहरु केही पूर्णरुपले र केही आंशिकरुपले भत्किएका छन् भने केही पूर्णरुपले चर्किएका छन् । यस भूकम्पले काष्ठमण्डप, धरहरा लगायत विशेष महत्व राख्ने करिब १४० स्मारकहरु पूर्णरुपमा भत्किएका छन् । यसले हाम्रा पूर्खाहरुले सिर्जना गरेका नेपालको गौरवको प्रतिकको रुपमा रहेका थुप्रै स्मारकहरुलाई अपूरणीय क्षति त पुऱ्यायोनै साथै नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको पर्यटन क्षेत्रलाई पनि ठूलो असर पऱ्यो । तसर्थ यस्ता क्षतिग्रस्त स्मारकहरुको साविकको स्वरुप एवं आकार प्रकारमा जीर्णोद्धार एवं पुनर्निर्माण गर्नु आवश्यक मात्र होइन अनिवार्य नै भएको छ ।

ऐतिहासिक स्मारकहरुको पुनर्निर्माण एवं जीर्णोद्धार कार्य अन्य नवर्निर्माण तथा आधुनिक निर्माण कार्य भन्दा भिन्न र विशिष्ट प्रकृतिको हुन्छ । ऐतिहासिक स्मारक संरक्षणका स्थापित राष्ट्रिय एवं अर्न्तराष्ट्रिय सिद्धान्त, मूल्य मान्यता एवं दर्शनको आधारमा यस्ता स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माण गर्नुपर्ने हुन्छ । त्यसमा पनि अधिकांश क्षतिग्रस्त स्मारकहरु सांस्कृतिक विश्व सम्पदा सूचीमा सूचीकृत स्मारक एवं स्मारकस्थल भएकाले विश्व सम्पदा महासन्धि र यसको कार्यान्वयन निर्देशिकाका प्रावधानहरुलाई पनि नजरअन्दाज गर्न सकिदैन । खासगरी ती स्मारक एवं स्मारकस्थलहरुको अद्वितीय महत्व पुष्टि गर्ने गुण तथा विशेषताहरु, आधिकारिकता आदिलाई नजरअन्दाज गरेर पुनर्निर्माण एवं जीर्णोद्धार गर्न पनि सकिदैन । तर के पनि भुल्न सकिदैन भने नेपाल भूकम्पीय जोखिमयुक्त क्षेत्र हो र यहाँ बारम्बार भूकम्प गईरहन्छ । साथै के पनि सत्य हो भने हाम्रा अधिकांश ऐतिहासिक सम्पदाहरु जीवन्त सांस्कृतिक सम्पदा हुन् । हाम्रा मन्दिरहरुमा दैनिक

पूजाआजा हुन्छ, भक्तजनहरुको घुँइचो लाग्ने गर्दछ, जात्रा पर्वको अवसरमा हजारौं श्रद्धालुहरु जम्मा हुन्छन्, विशेष पर्वका अवसरमा पशुपतिनाथ जस्ता मन्दिरहरुमा लाखौं भक्तजनहरुको घुँइचो लाग्ने गर्दछ । त्यस्तै कतिपय हाम्रा ऐतिहासिक संरचनाहरुमा नेपाल सरकारका कार्यालयहरु एवं संग्रहालयहरु संचालित छन् ।

बैशाख १२ गतेको महाभूकम्पबाट यो पुस्ताले पाएको शिक्षा वा भोगेर महसुस गरेको महत्वपूर्ण कुरा हो मानिसको सुरक्षा । अर्थात् भूकम्प जाने वित्तिकैको काम भनेको मानिसलाई बचाउनु । अर्को के पनि सत्य हो भने भूकम्पले मानिस मार्दैन बरु भूकम्पको धक्काले हाम्रा कमजोर संरचनाहरु भत्केर मानवीय क्षति हुन्छ । तसर्थ अब निर्माण, पुनर्निर्माण हुने, मर्मत गरिने संरचनाहरु भुकम्प प्रतिरोधी वा भूकम्पीय जोखिम न्यूनीकरण गर्ने खालका संरचनाहरु निर्माण गर्नुपर्ने आवाज सर्वसाधारण र विज्ञ विशेषज्ञदेखी लिएर नीति निर्माताहरुबाट पनि उठीरहेको छ । सरकारका नीति तथा कार्यक्रमहरुले पनि संरचना निर्माणको सन्दर्भमा पनि भूकम्प प्रतिरोधी शब्दलाई विशेष जोड दिएर उठाइएको छ । भूकम्पको त्रासदी भोगेको यो पुस्ताले भूकम्प प्रतिरोधी संरचनाको निर्माण, भूकम्पीय जोखिम न्यूनीकरण आदिको बारेमा बहस चलाउनु एकदमै स्वभावीक छ र यो बहस स्मारक जीर्णोद्धार एवं पुनर्निर्माणको सन्दर्भमा पनि जोडतोडका साथ उठिरहेको छ ।

स्मारकहरु कला वास्तुकलाको महत्वको साथ साथै तीनिहरुको निर्माण प्रविधिको दृष्टिले पनि महत्वपूर्ण हुन्छन् । निर्माण प्रविधि तथा कला सिर्जना गर्ने प्रविधि आफैंमा अमूर्त सांस्कृतिक सम्पदाको एक महत्वपूर्ण विधा भएकोले यसलाई भूकम्प प्रतिरोधी संरचना पुनर्निर्माण एवं जीर्णोद्धारको नाममा फेरबदल गर्न सकिदैन । संरक्षणको उद्देश्य परम्परागत निर्माण प्रविधिलाई निरन्तरता दिनु पनि हो । यस पृष्ठभूमीमा भूकम्पबाट क्षतिग्रस्त स्मारकहरुको जीर्णोद्धार र पुनर्निर्माण गर्न विशेष व्यवस्था गर्नुपर्ने भएको छ ।

हाल कार्यान्वयनमा रहेको प्राचीन स्मारक संरक्षण सम्बन्धी कार्यविधि, २०६४ भूकम्प पछि उब्जेका सबै सवालहरु सम्वोधन गर्न पर्याप्त नदेखिएकोले भूकम्पबाट क्षतिग्रस्त स्मारकहरुको पुनर्निर्माण एवं जीर्णोद्धार गर्न एउटा छुट्टै निर्देशिकाको आवश्यकता महशुस गरि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभागले विज्ञ विशेषज्ञहरुको सुझाव एवं सल्लाहमा **भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरुको संरक्षण एवं पुनर्निर्माणसम्बन्धी आधारभूत निर्देशिका-२०७२** बनाई लागु गरेको छ ।

१. **नाम र प्रारम्भ**

(क) यो निर्देशिकाको नाम **"भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरुको संरक्षण एवं पुनर्निर्माणसम्बन्धी आधारभूत निर्देशिका-२०७२"** रहेको छ ।

(ख) यो निर्देशिका नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभागको स्वीकृति भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा**

**वर्गीकृत सम्पदा (Graded Monuments)** भन्नाले प्राचीन स्मारक संरक्षण ऐनको प्रावधानअनुसार स्मारकको महत्व र स्वामीत्वको आधारमा पुरातत्व विभागले क, ख र ग वर्गमा वर्गीकरण गरेका स्मारकहरुलाई जनाउँदछ ।

**वर्गीकरणमा नपरेका सम्पदा (Non Graded Monuments)** भन्नाले प्राचीन स्मारक संरक्षण ऐनको प्रावधानअनुसार वर्गीकरण नगरिएका स्मारकहरुलाई जनाउँदछ ।

**पुनर्स्थापना (Rehabilitation)** भन्नाले संरक्षणका सबै विधि र प्रक्रियाहरु पालन गरेर स्मारकको मौलिक एवं भौतिक-साँस्कृतिक महत्व र जीवन्ततालाई निरन्तरता दिँदै स्मारकलाई पुन:प्रयोगमा ल्याउने समष्टिगत प्रक्रियालाई जनाउँछ ।

**पुनरुद्धार (Renovation)** भन्नाले प्राकृतिक विपद्को कारणले क्षति भएका वा कालक्रमले वा अन्य कारणले जीर्ण भएका संरचनाहरुलाई उपलब्ध प्रमाणको आधारमा आंशिक पुनर्निर्माण वा पूर्ण रुपमा मर्मत, जीर्णोद्धार आदि गरी स्मारकलाई पुन:प्रयोगमा ल्याउने कार्य वा प्रक्रियालाई जनाउँछ ।

**सुदृढीकरण (Retrofitting)** भन्नाले इन्जिनियरिङ्ग दृष्टिकोणबाट संरचनाको बलियोपनमा कमी आएको भन्ने लागेमा भएमा त्यस्तो संरचनाको बलियोपनलाई कायम राख्न वा बढाउन यसमा गरिने संरचनागत सुधारको उपायलाई जनाउँछ ।

**सबलीकरण (Strengthening)** भन्नाले संरचनाको बलियोपन कायम राख्न वा त्यसमा सुधार गर्न कुनै पनि प्रकारको अतिरिक्त उपाय अपनाउने प्रक्रियालाई जनाउँछ ।

**स्थिरीकरण (Stabilization)** भन्नाले विभिन्न कारणले ढल्ने वा भत्किने अवस्थामा पुगेको संरचनालाई ढल्न वा भत्किन नदिन अपनाइने उपायहरुलाई जनाउँछ । यी उपायहरु अस्थायी वा स्थायी दुवै प्रकारका हुन सक्छन् ।

**पुनर्निर्माण (Reconstruction)** भन्नाले प्राकृतिक प्रकोप वा अन्य कारणले भत्किएका संरचनाहरुको प्राप्त प्रमाणको आधारमा साबिकै स्वरुप, आकारप्रकार र बनोट कायम हुने गरी परम्परागत सामग्री र प्रविधि प्रयोग गरेर सामान्यतया बाँकि रहेको जगभन्दा माथिबाट नयाँ संरचना निर्माण गर्ने कार्यलाई बुझ्नुपर्दछ ।

**जीर्णोद्धार (Restoration)** भन्नाले विभिन्न कारणले क्षति भएका वा कालक्रमले जीर्ण भएका संरचनालाई प्राप्त प्रमाणको आधारमा परम्परागत सामग्री र प्रविधि प्रयोग गरी साबिककै स्वरुप, आकारप्रकार, बनोट कायम हुने गरी गरिने कार्यलाई बुझ्नुपर्दछ र यसले आंशिक पुनर्निर्माण कार्यलाई पनि जनाउँदछ ।

**पुरातात्विक उद्धार (Rescue Archaeology)** भन्नाले कुनै स्मारकको पुनर्निर्माण कार्य सुरु गर्नुभन्दा पहिले तत्काल शुरु गरिने पुरातात्विक गतिविधिलाई जनाउँछ । यो सामान्यतया निश्चित अवधिभित्र छिटो सम्पन्न गर्नुपर्ने हुन्छ ।

**आवधिक पुनरुद्धार (Cyclical Renewal)** भन्नाले स्मारकहरुको भौतिक अवस्थाको वारेमा जानकारी लिन समय समयमा अवलोकन गरी कमजोर भाग एवं वस्तुको परम्परागत निर्माण सामाग्री एवं प्रविधिको प्रयोग तथा उपयोगद्वारा समय समयमा गरिने जीर्णोद्धार, मर्मतसंभार लगायत संरचनाको बलियोपन कायमै राख्ने कार्यहरुलाई जनाउँदछ ।

**परिवर्तनीय प्रविधि (Reversible Technology)** भन्नाले स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माणको क्रममा स्मारकलाई साविककै स्वरुपमा नै कायम राख्न वा मजबुत बनाइराख्न परम्परागत निर्माण सामाग्री तथा प्रविधि पर्याप्त छैन भन्ने लागेर वाध्यताबस स्मारकमा गैह्र परम्परागत निर्माण सामाग्री तथा प्रविधि प्रयोग उपयोग गरिन्छ भने त्यो सामाग्री र प्रविधि भविष्यमा परिवर्तन तथा प्रतिस्थापन गर्न सकिने प्रकृतिको हुनुपर्दछ भन्ने कुरालाई बुझ्नुपर्दछ ।

**हस्तक्षेप (Intervention)** भन्नाले कुनै कारणले क्षति पुगेका वा पुग्न लागेका स्मारकहरुलाई बचाउन, थप क्षति हुन नदिन सम्वन्धित निकाय वा अधिकारीले प्रचलित नियम कानून बमोजिम सञ्चालन गर्ने संरक्षण लगायतका सम्पूर्ण क्रियाकलापहरुलाई बुझ्नुपर्दछ ।

**आधिकारिकता (Authenticity)** भन्नाले कुनै पनि वस्तु वा संरचनामा निहित ऐतिहासिक रुपमा मान्यता पाउँदै आएको तथा सामाजिक तथा वैज्ञानिक आधारमा स्वीकार्य मौलिक मूल्य, मान्यता, विशेषता, चरित्र, प्रवृत्ति, गुण आदिलाई जनाउँछ ।

**संरचनागत अखण्डता (Structural Integrity)** भन्नाले कुनै संरचनाका सबै अङ्गहरुले एकत्रित रुपमा त्यस संरचनामाथि रहेको समग्र भारलाई नभाँच्चिकन र नबाङ्गिकन थेग्न सक्ने क्षमतालाई बुझाउँछ ।

**सामान्य खालका निर्माण सामग्री** भन्नाले जुनसुकै किसिमका परम्परागत वा गैर परम्परागत निर्माण सामग्री जसको प्रयोगले साविकको स्मारकको संरचनागत बुनोट वा बनावटमा कुनै किसिमको असर नपार्ने खालका निर्माण सामग्रीलाई बुझाउँदछ ।

## ३. सम्पदाको वर्गीकरण

(क) यस निर्देशिकाको प्रयोजनका लागि भौतिक साँस्कृतिक सम्पदालाई तीन प्रकारमा विभक्त गरिएको छ - (१) सम्पदा स्थल (Heritage Site), (२) स्मारक (Monument) र (३) वस्तु (Object) ।

(ख) यस निर्देशिकाले प्राचीन स्मारक संरक्षण ऐनको प्रावधान अनुसार वर्गीकरण गरिएका र वर्गीकरण नगरिएका दुवै प्रकारका स्मारकहरुलाई संबोधन गर्नेछ ।

## ४. निर्देशिकाले सम्बोधन गर्ने क्षेत्र

यस निर्देशिकाले विशेषगरी अचल भौतिक साँस्कृतिक सम्पदाहरुको विषयलाई सम्बोधन गर्ने भए तापनि सन्दर्भअनुसार यससँग सम्बन्धित चल भौतिक सम्पदा र अमूर्त सम्पदालाई पनि सामान्य रुपमा समावेश गरिएको छ ।

# भाग १ : सामान्य व्यवस्थाहरु

## ५. अधिकार र जिम्मेवारी

प्राचीन स्मारक संरक्षण ऐन २०१३ बमोजिम वर्गीकृत स्मारकहरु पुरातत्व विभागको प्रत्यक्ष क्षेत्राधिकारभित्र पर्दछन् । नेपालको प्रचलित ऐन कानूनको परिधिमा रही पुरातत्व विभागले अन्य राष्ट्रिय निकाय वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विशिष्ट संघसंस्था वा व्यक्तिसँग जीर्णोद्धार एवं पुनर्निर्माणका लागि सहकार्य गर्न वा सो कार्य गर्न स्वीकृति दिन सक्नेछ । तथापि सबै किसिमका कार्यहरु सम्बन्धित ऐन, नियम तथा यस निर्देशिकाको  कार्यविधिहरुको पालन गरी पुरातत्व विभागको सुपरीवेक्षणमा गर्नुपर्नेछ ।

## ६. स्रोतसाधनको व्यवस्थापन

स्मारकहरुको पुनरुद्धार, संरक्षण एवं पुनःनिर्माणका लागि प्राप्त हुन आउने आर्थिक, प्राविधिक, लगायतका अन्य विविध सहयोगहरुलाई पुरातत्व विभागले प्रचलित नेपाल कानून बमोजिम प्राप्त गरी व्यवस्थापन गर्नेछ । पुरातत्व विभागले प्रत्येक सम्पदा स्थल, स्मारक वा वस्तुको लागि विनियोजित स्रोतसाधनहरुको उचित अभिलेखीकरण गर्नेछ ।

## ७. क्षति मूल्याङ्कन

भूकम्पले क्षति पुऱ्याएका स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माणको क्रममा भूकम्पले स्मारक, सम्पदा स्थल वा वस्तुमा, तिनको महत्व, कला, वास्तुकलामा पुगेको क्षति तथा क्षतिको प्रकृतिको मूल्याङ्कन गर्नुपर्नेछ । साथै धार्मिक सांस्कृतिक सम्पदाको जीवन्त संस्कृतिमा परेको असरको पनि मूल्याङ्कन गर्नुपर्नेछ ।

## ८. जीर्णोद्धारमा प्राथमिकता

भूकम्पले क्षति पुऱ्याएका स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माण गर्ने क्रममा गम्भीररुपमा क्षति भएका स्मारकहरुको जीर्णोद्धार गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

## ९. अभिलेखिकरण (Documentation)

जीर्णोद्धार एवं पुनर्निर्माण गरिने स्मारक वस्तुहरुको पहिचान खुल्ने गरी विस्तृत अभिलेख अनिवार्यरुपमा तयार गनुपर्नेछ । क्षतिग्रस्त स्मारक, स्मारकको कुनै भाग तथा वस्तुहरुको लिखितरुपमा, फोटोग्राफिको माध्यमबाट, दृष्यात्मक तरिकाले, स्केचको माध्यमबाट, ड्रइङको माध्यमबाट स्मारकको नापजाँच आकार प्रकार खुल्नेगरी अभिलेखिकरण गर्नुपर्नेछ ।

**१०. उपलब्ध प्रमाणको आधारमा स्मारकहरुको पुनरुद्धार एवं पुनर्निर्माण गर्नुपर्ने**

भूकम्पले क्षति पुऱ्याएका स्मारकहरुको पुनरुद्धार एवं पुनर्निर्माण कार्य प्राप्त एवं उपलब्ध प्रमाणहरुको आधारमा गर्नुपर्नेछ । अनुमानको भरमा जीर्णोद्धार तथा पुनर्निर्माण गर्न पाइने छैन ।

**११. संरक्षण कार्ययोजना**

सम्पदा स्थल, स्मारक तथा वस्तुहरुको सन्दर्भमा गरिने कुनै संरक्षण कार्यको रुपरेखा एवं कार्ययोजना विस्तृत अनुसन्धान तथा विगतमा विभिन्न समयमा गरिएका संरक्षण कार्यको अध्ययन एवं मूल्यांकनको आधारमा तय गर्नुपर्नेछ ।

**१२. परम्परागत सामग्री तथा प्रविधिको जगेर्ना**

**(क)** सबै किसिमका स्मारकहरुको जीर्णोद्धार तथा पुनर्निर्माण कार्यमा परम्परागत निर्माण सामग्री प्रयोग र परम्परागत निर्माण प्रविधि तथा नर्मसहरुलाई नै अवलम्बन गर्नुपर्नेछ । विगतमा कुनै स्मारकको जीर्णोद्धार वा पुनर्निर्माणको क्रममा असान्दर्भिक वा गैर परम्परागत सामग्री, निर्माण प्रविधि तथा नर्मसहरु अवलम्बन गरी जीर्णोद्धार वा पुनर्निर्माण भएको रहेछ भने वर्तमान जीर्णोद्धार वा पुननिर्माणको क्रममा उपलब्ध प्रमाणको आधारमा सच्याउन सकिनेछ ।

**(ख) गैह्र परम्परागत निर्माण सामाग्री एवं प्रविधिको उपयोग** - कुनै स्मारकको जीर्णोद्धार एवं पुनर्निर्माणको क्रममा परम्परागत निर्माण सामाग्रीको प्रयोग एवं परम्परागत प्रविधिको उपयोग गर्दा प्राविधिक दृष्टिकोणबाट भूकम्पीय जोखिम न्यूनिकरण हुन सक्दैन भन्ने लागेमा पूर्णरुपमा भत्किएका स्मारकहरुको पुनर्निर्माण गर्दा पुरातत्व विभागको पूर्व स्वीकृति लिएर बाहिरबाट नदेखिने गरी अदृष्य तवरले सामान्य खालका गैह्र परम्परागत निर्माण सामाग्री एवं प्रविधिको उपयोग गर्न सकिनेछ । यस्तो कार्य गर्नुपर्ने स्मारकको प्रकृति, अवस्था, स्वरुप, बनोट तथा महत्वलाई मध्यनजर गरी पुरातत्व विभागले यस्तो कार्य गर्न स्वीकृति दिन र नदिन पनि सक्दछ । तर स्मारकमा प्रयोग गरिएको यस्तो निर्माण सामाग्री वा उपयोग गरिएको यस्तो प्रविधि विशेष परिस्थितिमा बाहेक परिवर्तनीय (Reversible) प्रकृतिको हुनुपर्नेछ । यसरी गैह्र परम्परागत निर्माण सामाग्री एवं प्रविधिको प्रयोग उपयोग

गर्नुपरेको कारणको विश्वासिलो एवं भरपर्दो प्राविधिक प्रतिवेदन तयार गर्नुपर्नेछ र सम्वन्धित स्मारकको पुनर्निर्माणसम्वन्धी फाइलमा अनिवार्य रुपमा संलग्न गरिराख्नुपर्नेछ ।

**१३. स्थानीय जनताको सहभागीता**

स्थानीय जनतानै स्मारकका अभिभावक हुने भएकाले क्षतिग्रस्त स्मारकहरुको पुनर्निर्माण एवं जीर्णोद्धार सम्बन्धी कार्यका विभिन्न चरणमा उनिहरुको सहभागीता सुनिश्चित गरिनेछ ।

**१४. स्वामीत्वको स्पष्टता**

ऐतिहासिक संरचना वा स्मारकको कानूनी, ऐतिहासिक तथा साँस्कृतिक स्वामीत्वलाई स्पष्ट गरिनेछ र कार्यान्वयनको प्रक्रियामा सम्पदाधनी लगायत सबै सरोकारवालाहरुलाई संलग्न गराइनेछ ।

**१५. अवलोकन, मर्मत-संभार र आवधिक पुनरुद्धार (Maintenance & cyclical renewal)**

(क) ऐतिहासिक संरचनाहरुलाई दीर्घकालसम्म टिकाइराख्नको लागि तिनको मर्मत-संभार र आवधिक पुनरुद्धार (periodic renewal) मा विशेष ध्यान दिनुपर्नेछ । साथै कुनै पनि हस्तक्षेपले संरचनामाथि पार्न सक्ने दीर्घकालीन असरलाई पनि विशेष ध्यान दिईनेछ ।

(ख) ऐतिहासिक भवन तथा स्मारकहरुको संरचनागत भौतिक अवस्थाको आवधिक अवलोकन गर्ने प्रावधान बनाइनेछ ।

(ग) पुरातत्व विभागले निर्दिष्ट गरेको ढाँचामा नियमित अवलोकन गर्ने र आवधिक मर्मत-संभार गर्ने जिम्मा निश्चित सरोकारवाला, सम्पदाधनी वा स्थल व्यवस्थापकलाई दिइनेछ । नियमित अवलोकन प्रतिवेदनको आधारमा पुरातत्व विभागको समन्वयमा वर्गीकृत स्मारकहरुको आवधिक पुनरुद्धारको व्यवस्था मिलाइनेछ ।

(घ) परम्परागत रुपमा मन्दिरहरुको लागि गुठीको व्यवस्था भएजस्तै संभव भएसम्म मर्मत-संभार कार्यको लागि आवश्यक कोषको ब्यवस्था गरिनेछ ।

**१६. विपद व्यवस्थापन**

सम्पदा स्थल, स्मारक तथा वस्तुहरुको जीर्णोद्धार र पुनर्निर्माणको सन्दर्भमा भूकम्प लगायत बाढी, पैह्रो, भूस्खलन, आगलागी, चट्याङ्ग तथा आगन्तुक एवं अन्य कारणले हुनसक्ने विपद व्यवस्थापनलाई पनि ख्याल राख्दै त्यसप्रति आवश्यक सावधानी अपनाइनेछ ।

**१७. सम्पदामा पर्ने असरको मूल्याङ्कन (Heritage Imapact Assessment)**स्मारक, स्मारकक्षेत्र वा पुरातात्विक स्थलमा कुनै पनि प्रकारको विकास-निर्माण कार्य सुरु गर्नुपूर्व त्यस्ता कार्यले सम्पदा स्थल, स्मारक वा वस्तुको मूल्य-मान्यता, स्वरुप आदिमा पार्न सक्ने प्रत्यक्ष वा अप्रत्यक्ष असरको मूल्याङ्कन पुरातत्व विभागले तोकेको ढाँचामा गर्नुपर्नेछ । साथै स्मारक तथा स्मारक क्षेत्रको जीवन्त संस्कृतिमा पर्नसक्ने असरको पनि मूल्याङ्कन गरिनेछ ।

**१८. जीवन्त सम्पदा (Living Heritage) को संरक्षण एवं निरन्तरता**

**(क)** स्मारक तथा ऐतिहासिक भवनहरु जीवन्त सम्पदा हुन् । स्मारकहरुसँग गाँसिएका अमूर्त सम्पदाले तिनलाई जीवन्तता प्रदान गरेका हुन्छन् भने स्मारकहरुले पनि जीवन्त सम्पदाको मञ्चन र अभिव्यक्त गर्नका लागि उपयुक्त पृष्ठभूमि उपलब्ध गराएका हुन्छन् । तसर्थ ऐतिहासिक भवन तथा स्मारकहरुको जीर्णोद्धार वा पुनर्निर्माण गर्दा त्यस्ता स्मारकसंग सम्बन्धित परम्परा, रीतिस्थिति वा मूल्य मान्यताहरु लगायतका अमूर्त सम्पदाको क्रियान्वयन गर्ने तथा निरन्तरता दिने व्यवस्था गर्नुपर्नेछ ।

**(ख) परम्परागत विधि-विधान तथा अनुष्ठानहरु**

खासगरी भूकम्पका कारणले धार्मिक संरचनाहरुमा पुऱ्याएको क्षतिले समुदायको परम्परामा गहिरो असर पारेको छ । यस्तो परिस्थितिमा कुनै पनि जीर्णोद्धार एवं पुनर्निर्माण कार्य सुरु गर्नु अघि क्षमा पुजा लगायतका अनुष्ठानहरु विधि-विधानपूर्वक गरिँदै आएको पाइन्छ । यस्ता विधि-विधान तथा अनुष्ठानहरुले स्मारकहरुलाई साँस्कृतिक एवं धार्मिक दृष्टिले जीवन्तता प्रदान गर्ने भएकोले जीर्णोद्धार एवं पुनर्निर्माण कार्य गर्दा परम्परागत विधि-विधान तथा अनुष्ठानहरु समेतको आयोजना गर्नुपर्ने तथा सो को लागि समन्वय गर्नुपर्नेछ ।

**१९. स्मारकको परम्परागत प्रयोजन र नयाँ उपयोग**

(क) सामान्यतया जीर्णोद्धार एवं पुनर्निर्माण गरिने स्मारकहरुको परम्परागत उपयोग एवं प्रयोजनलाई नै निरन्तरता दिन प्रोत्साहन गरिनेछ । तर आफ्नो मौलिक उपयोग कायम नरहेका स्मारकहरुलाई सम्वन्धित सरोकारवालाहरुको सहमतिमा त्यस्तो स्मारकको स्वरुप, आकार-प्रकार, बनोट, बाहिरी वास्तुकलामा कुनै असर नपर्ने गरी नयाँ प्रयोजनका लागि उपयोग गर्न सकिनेछ ।

(ख) समुदाय नै संरचनाको प्रयोग र संभारमा संलग्न रहेको स्मारकको सन्दर्भमा ती समुदायका क्रियाकलापहरुको लागि आवश्यक सहयोग प्रदान गरी संरक्षण गरिनेछ ।

(ग) आफ्नो मौलिक प्रयोग गुमाइसकेका स्मारकहरुको हकमा आयआर्जनको लागि मौलिक प्रयोगको प्रतिकूल नहुने गरी कुनै नयाँ एवं उपयुक्त कुराको लागि प्रयोगमा ल्याउन सकिनेछ ।

## २०. आधुनिक सेवा सुविधाका संयन्त्रहरुको जडान

(क) हालसम्म पनि प्रयोगमा रहेका वा नयाँ प्रयोजनमा ल्याइएका ऐतिहासिक भवनहरुमा विद्युत एवं धारापानी लगायतका आधुनिक सेवासुविधाका वस्तुहरु र चोरी नियन्त्रण तथा आगलागी नियन्त्रणसम्बन्धी उपकरणहरुको जडान गर्न सकिनेछ ।

(ख) विभिन्न प्रकारका ऐतिहासिक भवनहरुको लागि तिनको क्षतिशीलता (Vulnerability) र प्रयोगको आधारमा आधुनिक सेवासुविधाका संयन्त्रहरुको जडान तोकिएको मापदण्ड बमोजिम स्मारकको आधिकारिकता एवं मौलिकता तथा त्यसको बाहिरी स्वरुप र अवस्थितिमा कुनै असर नपर्ने गरी गर्नुपर्नेछ ।

## २१. सामग्रीको उपलब्धता तथा गुणस्तर

(क) क्षतिग्रस्त स्मारकहरुको पुनर्निर्माण एवं जीर्णोद्धारको निमित्त आवश्यक परम्परागत/गैह्र परम्परागत निर्माण सामाग्रीहरुको सहज उपलब्धता र गुणस्तरमा विशेष ध्यान दिनुपर्नेछ/दिइने छ ।

(ख) अत्यावश्यक निर्माण सामग्रीहरुको आपूर्तिलाई सहजीकरण गर्न पुरातत्व विभागले समन्वय गर्नेछ ।

(ग) काठको गुणस्तर - काठ नचर्किएको, छिप्पिएको, सलक्क परेको, कडा खालको, खँदिलो दानादार, ओसको मात्रा कम भएको, न्यून लचक भएको काठ प्रयोग गर्नुपर्नेछ । त्यस्तै आँख्ला भएको र पँलास भएको काठ प्रयोग गर्न पाइने छैन । भारवहन गर्नुपर्ने, बुट्टा कुँद्नुपर्ने, बाहिरी वातावरणमा खुल्ला रहने एवं पानीले भिज्ने स्थानमा प्रयोग गरिने काठहरु साल कै हुनुपर्नेछ । पानीले नभिज्ने स्थानमा गुणस्तरीय अन्य काठको प्रयोग गर्न सकिनेछ । विशुद्ध नेपाली काठ मात्र प्रयोग गर्नु पर्नेछ ।

**२२. कालीगढहरुको उपलब्धता तथा तालिम**

(क) परम्परागत सीप र दक्षता भएका वरिष्ठ कालीगढलाई उच्च सम्मान दिने र नयाँ कालीगढहरुलाई प्रशिक्षण दिने कार्यलाई उच्च प्राथमिकतामा दिइनेछ ।

(ख) कुशल, दक्ष र अनुभवी कालीगढबाट वा त्यस्ता कालीगढको निगरानीमा काम हुने कुरालाई सुनिश्चित गर्नुपर्नेछ ।

**२३. सुपरीवेक्षण तथा गुणस्तर नियन्त्रण**

(क) संरक्षण, जीर्णोद्धार एवं पुनर्निर्माण कार्यहरु निर्देशिकाले तोकेबमोजिक, तोकिएको गुणस्तरयुक्त सामग्रीको प्रयोग गरेर र कामको गुणस्तर कायम हुने गरी गर्नुपर्नेछ ।

(ख) स्मारकहरुको जीर्णोद्धार, पुनर्निर्माण एवं संरक्षण कार्यको सुपरीवेक्षण एवं अनुगमनको व्यवस्था मिलाइनेछ र यसकालागि मापदण्ड र प्रक्रिया निर्धारण गरिनेछ ।

**२४. अध्ययन अनुसन्धान**

क्षतिग्रस्त स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माणको क्रममा त्यस्ता स्मारकको वरिपरिको क्षेत्र, जग, संरचनाका विभिन्न भाग, विभिन्न शैली एवं प्रकारका परम्परागत संरचनाहरुको संरचनागत निर्माण प्रविधि, संरचनाको भारबहन एवं भार सारन प्रविधि आदिको बैज्ञानिक अध्ययन अनुसन्धान गराउनु पर्नेछ । त्यस्तै भूकम्पीय जोखिम न्यूनिकरण गर्ने परम्परागत प्रविधिको पनि बैज्ञानिक एवं प्राविधिक अध्ययन अनुसन्धान गराउनुपर्नेछ ।

# भाग २ : सम्पदा स्थलहरुको लागि निर्देशिका
## (Guidelines for Heritage Sites)

**२५. सम्पदा स्थल (Heritage Site) को परिभाषा**

सम्पदा स्थल भन्नाले कानुनी रुपमा घोषित ‘संरक्षित स्मारक क्षेत्र’, ‘पुरातात्विक स्थल’ तथा ‘विश्‍व सम्पदा स्थल’ लाई जनाउँदछ । साथै यसले संभावित स्मारक क्षेत्र, सम्पदास्थल, पुरातात्विक स्थल आदिलाई पनि जनाउँदछ ।

**२६. ऐतिहासिक वस्तीहरु संरक्षण एवं व्यवस्थापन**

भूकम्पले क्षतिग्रस्त ऐतिहासिक वस्तीहरुको संरक्षण एवं व्यवस्थापनको लागि विशेष व्यवस्था गरिनेछ ।

**२७. सम्पदा स्थलहरुमा भएको क्षतिको मूल्याङ्कन**

(क) संरक्षित स्मारक क्षेत्रभित्र भूकम्पले पुऱ्याएको क्षति मूल्याङ्कन गर्दा त्यस्तो क्षेत्रभित्रका वर्गीकृत स्मारक तथा सम्पदा वस्तुहरुमा परेको समष्टिगत असरलाई हेर्नुपर्नेछ । यसभित्र खुला स्थान, प्राकृतिक भूपरिदृश्य (Natural landscape) तथा ऐतिहासिक बस्तीको बनोट आदिलाई पनि समेट्नुपर्नेछ ।

(ख) पुरातात्विक स्थल भन्नाले उत्खनन गरिसकिएका र पुरातात्विक अन्वेषणको संभावना भएका क्षेत्रहरु भन्ने बुझ्नुपर्दछ । यस्ता स्थलहरुको क्षति मूल्याङ्कन गर्दा तोकिएको क्षेत्र लगायत त्यस वरिपरि रहेको समग्र परिवेशमा परेको असरलाई हेर्नुपर्नेछ ।

(ग) ऐतिहासिक बस्तीहरुको क्षति मूल्याङ्कन गर्दा बस्तीको संरचना, खुला स्थान, स्मारक तथा त्यसको बनोटमा परेको असरलाई ध्यान दिनुपर्नेछ ।

**२८. सम्पदा स्थल संरक्षण**

(क) एकाध स्मारकहरु मात्र नभई भूकम्पले अत्यधिक क्षति पुगेका संरक्षित स्मारक क्षेत्र तथा ऐतिहासिक बस्तीहरुको सन्दर्भमा तिनको भौतिक, सामाजिक तथा साँस्कृतिक पक्षहरुको विश्लेषण तथा मूल्यांकन गरी आवश्यकतानुसार पुनर्स्थापना गुरुयोजना तयार गरिनेछ ।

(ख) पुर्नस्थापना गुरुयोजनाले तोकेका क्रियाकलापहरुलाई तत्काल कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

(ग) पुरातात्विक स्थलहरुलाई अतिक्रमणबाट जोगाई तत्काल वा दीर्घकालीन संरक्षणका लागि आवश्यक हस्तक्षेपको योजना (intervention plan) बनाइनेछ । आवश्यकतानुसार 'पुरातात्विक उद्धार अन्वेषण' का क्रियाकलापहरु पनि सञ्चालन गरिनेछ ।

# भाग ३ : वर्गीकृत स्मारकहरुको लागि निर्देशिका
# (Guidelines for Monuments)

**२९. स्मारक (Monument) को परिभाषा**

स्मारकलाई पृथक रुपमा नभई प्राचीन स्मारक संरक्षण ऐनले परिभाषित गरेअनुसार सम्बोधन गरिनेछ, जसमा पुरातत्व विभागले गरेको स्मारकहरुको वर्गीकरणमा परेका र त्यस्तो वर्गीकरणमा पर्न सक्ने स्मारकरु पर्दछन् ।

**३०. स्मारकहरुमा भएका क्षतिको प्रकृति**

क्षतिको प्रकृतिअनुसार क्षतिग्रस्त स्मारकहरुलाई ३ समूहमा वर्गीकरण गरिएको छ : (१) पूर्ण रुपमा भत्किएका स्मारक, (२) गंभीर/आंशिक रुपमा क्षतिग्रस्त स्मारक र (३) सामान्य रुपमा क्षतिग्रस्त स्मारक

**३१. पूर्ण रुपमा भत्किएका स्मारकहरुका लागि गरिने हस्तक्षेप**

(क) पूर्ण रुपमा भत्किएका स्मारकहरुको पुनर्निर्माण गर्दा प्राप्त प्रमाण एवं उपलब्ध दस्तावेजहरुको अध्ययन तथा विस्तृत अनुसन्धानपछि तयार गरिएको अभिलेख (documentation) को आधारमा गर्नुपर्नेछ ।

(ख) स्मारकहरु पूर्ण रुपमा भत्किएका ठाउँमा त्यस स्मारक वा स्मारक क्षेत्रको ऐतिहासिकता एवं प्राचीनताको बारेमा जानकारी लिन र त्यस क्षेत्रको निर्माणको चरण (construction phases) तथा साँस्कृतिक कालक्रम (cultural sequence) स्थापित गर्न आवश्यकता अनुसार पुरातात्विक उद्धार अन्वेषण वा उत्खनन गर्न सकिनेछ र यो कार्य पुरातत्व विभागको अनिवार्य स्वीकृति र निर्देशनमा गर्नुपर्नेछ ।

(ग) स्मारकहरुको पुनर्निर्माण साबिककै बनोट, स्वरुप एवं आकार-प्रकारमा गर्नुपर्नेछ । परम्परागत आकृति, रचना, बनोट र प्रविधिलाई यथासक्य बचाएर राख्नुपर्नेछ । भौतिक अवस्था ठीक भएका सबै अवयवहरुको पुनःप्रयोग अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(घ) यथेष्ट प्रमाण प्राप्त नभएको अवस्थामा अनुमानको आधारमा मात्रै कुनै पुनर्निर्माण कार्य गर्न पाइने छैन । हराएका तथा क्षति भई साविकको बुट्टा वा मूर्तिको प्रमाण प्राप्त हुन नसकेका अवयवहरुको हकमा साविक आकार-प्रकार एवं गुणस्तरको साधावस्तु राख्नुपर्नेछ, अनुमानको भरमा देवी देवताको मूर्ति वा अन्य आकृति कुँदेर राख्न पाइने छैन ।

(ङ) पर्याप्त प्रमाण उपलब्ध भएको खण्डमा र नयाँ हस्तक्षेपले विद्यमान ऐतिहासिक भवनको संरचनागत अखण्डता (structural integrity) लाई असर नपार्ने भएमा त्यस्तो ऐतिहासिक भवनहरु त्यसअघिको शैलीमा पुनर्निर्माण गर्न सकिनेछ ।

(च) स्मारकका केही भागहरुलाई प्रतिस्थापन गर्नुपर्ने भएमा उपलब्ध प्रमाणको आधारमा मूल सामग्रीकै गुण, भौतिक बनोट र कालीगढीयुक्त नयाँ सामग्रीबाट प्रतिस्थापन गर्न सकिनेछ ।

(छ) स्मारकको मौलिक संरचनागत विशेषतालाई नै कायम राख्नुपर्नेछ र कुनै औचित्यपुष्टि भएमा मात्रै त्यसमा सुधार गर्न सकिनेछ । औचित्यपुष्टि भई कुनै नयाँ सामग्री प्रयोग गर्नुपर्ने भएमा त्यस्ता सामग्रीहरु अदखलकारी (non-intrusive) र परिवर्तनीय (reversible) प्रकृतिको हुनुपर्नेछ ।

(ज) संभव भएसम्म स्मारकको जगलाई साबिक बमोजिम नै कायम राख्नुपर्नेछ र कुनै औचित्यपुष्टि भएमा मात्र त्यसमा सुधार गर्न सकिनेछ ।

**३२. गंभीर एवं आंशिक रुपमा क्षतिग्रस्त स्मारकहरुका लागि गरिने हस्तक्षेप**

(क) स्मारकको संरचनागत अखण्डता (structural integrity) मा असर परी ठूलै हस्तक्षेपको आवश्यकता पर्ने स्थितिमा पुगेको स्मारकलाई गंभीर एवं आंशिक रुपमा क्षतिग्रस्त स्मारकको रुपमा लिन सकिन्छ ।

(ख) गंभीर एवं आंशिक रुपमा क्षतिग्रस्त स्मारकको क्षति मूल्याङ्कन गर्दा उक्त स्मारकको कति अंशलाई कायम राख्न सकिन्छ भनेर हेर्नुपर्नेछ । त्यस्तो भागलाई कायम राख्न सकिने

नसकिने कुराको निर्णय उक्त संरचना र सामग्रीको वैज्ञानिक एवं प्राविधिक अध्ययन, अनुसन्धान एवं परीक्षणको आधारमा गर्नुपर्नेछ ।

(ग) गंभीर एवं आंशिक रुपमा क्षतिग्रस्त स्मारकको भत्काउनुपर्ने भागहरुको फोटोग्राफ, नक्सा, आलेख, टिप्पणी, कैफियत आदि समावेश भएको अभिलेख (Documentation) भत्काउनुअघि नै विस्तृत रुपमा तयार गर्नुपर्नेछ ।

(घ) क्षतिग्रस्त संरचनाको पुनरुद्धार गर्दा संभव भएसम्म यसका साविक भागहरु अधिकतम कायम रहने गरी गर्नुपर्नेछ । यस्ता स्मारकहरुको जीर्णोद्धार गर्दा विशेष परिस्थितिमा नयाँ सामग्री प्रयोग गर्नुपर्ने भएमा त्यस्तो सामग्री परिवर्तनीय प्रकृतिको (reversible) हुनुपर्ने कुरामा विशेष ध्यान दिनुपर्नेछ ।

(ङ) भौतिक अवस्था ज्यादै जीर्ण भई बाँकी भागलाई संरक्षण गरी राख्न नसकिने भएमा त्यस्तो स्मारकलाई भत्काएर पुनर्निर्माण गर्न सकिनेछ । यस्तो अवस्थामा भत्काउनु पर्ने कारणको प्रामाणिक आधार सहितको विस्तृत प्राविधिक प्रतिवेदन तयार गरी पुरातत्व विभागमा पेश गर्नुपर्नेछ र त्यस्तो स्मारक भत्काउने कार्यका लागि पुरातत्व विभागको स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ ।

(च) गंभीर एवं आंशिक रुपमा क्षतिग्रस्त कुनै स्मारकलाई त्यसको साबिकको स्थानमा नै पुनरुद्धार वा पुनःनिर्माण गर्न नसकिने कुरा वैज्ञानिक तथा प्राविधिक परीक्षण एवं अध्ययन-अनुसन्धानको निष्कर्षबाट समेत प्रमाणित भएको अवस्थामा सो स्मारक स्थानान्तरण गर्नका लागि यथेष्ट प्रमाण तथा आधारहरु पुरातत्व विभागमा पेश गर्नुपर्नेछ । पुरातत्व विभागले स्वीकृति दिएको खण्डमा स्थानीय समुदाय तथा सम्बन्धित सबै सरोकारवालाहरु समेतको सहमतिमा उक्त स्मारकलाई नजिकको कुनै निश्चित र उपयुक्त स्थानमा साबिकको स्वरुप र शैलीमा यस निर्देशिका बमोजिम पुनःनिर्माण गर्न सकिनेछ ।

**३३. सामान्य क्षति पुगेका स्मारकहरुको संरक्षण**

(क) सामान्य रुपमा असर परेको स्मारक भन्नाले संरचनागत अखण्डता (Structural Integrity) मा ह्रास नआएको र सामान्य हस्तक्षेपको मात्र आवश्यकता पर्ने स्थितिमा रहेको स्मारकलाई बुझ्नुपर्दछ ।

(ख) सामान्य रुपमा असर परेको स्मारकलाई साबिककै गुण, भौतिक बनोट तथा कालीगढीयुक्त सामग्रीको प्रयोग गरेर मर्मतसंभार गर्नुपर्नेछ ।

# भाग ४ : वस्तुहरुको लागि निर्देशिका (Guidelines for Objects)

**३४. वस्तु (Object) को परिभाषा**

वस्तु (Object) भन्नाले कुनै सम्पदा स्थल वा स्मारकसँग सम्बन्धित भइकन पनि स्वतन्त्र अस्तित्व भएका चलायमान कलात्मक वा साधा वस्तुहरुलाई बुझ्नुपर्दछ । त्यस्ता वस्तुहरु कुनै स्मारकको महत्वपूर्ण भाग पनि हुन सक्छन् वा कुनै सम्पदा स्थलमा रहेका छुट्टा छुट्टै कलावस्तु पनि हुन सक्छन् । त्यस्ता वस्तु र तिनको मौलिक स्थानसँगको सम्बन्धलाई कुनै न कुनै तरिकाले स्पष्ट गर्नुपर्नेछ ।

**३५. वस्तुमा भएको क्षतिको मूल्याङ्कन**

चलायमान वस्तुमा भूकम्पले पुऱ्याएको क्षतिको मूल्याङ्कन गर्दा तिनीहरुको भौतिक अवस्था, मौलिक स्थान र त्यससँग त्यस्ता वस्तुको सम्बन्ध कायम रहेनरहेको, मौलिक प्रयोजन कायम रहेनरहेको कुराको ख्याल राख्नुपर्नेछ । साथै सम्पदा स्थल, स्मारक वा जीवन्त सम्पदासँगको उक्त वस्तुको अन्तरसम्बन्धलाई पनि समेट्नुपर्नेछ ।

**३६. वस्तुको संरक्षण व्यवस्थापन**

(क) क्षतिग्रस्त स्मारकका महत्वपूर्ण चलायमान वस्तुहरुको संरक्षण, सुरक्षा एवं भण्डारणको उचित एवं भरपर्दो व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) मौलिक स्थानबाट विस्थापित भएका वस्तुहरुलाई तिनीहरुको मौलिक स्थानमै पुनर्स्थापित गर्नुपर्नेछ । तर सुरक्षाको अभाव वा मूल प्रयोजन हराइसकेको आदि जस्ता कुराले

औचित्यपुष्टि भएमा विस्थापित वस्तुहरुलाई तिनीहरुको मूल स्थानसँग रहेको सम्बन्धसूत्र अभिव्यक्त हुने गरी कुनै भिन्न स्थानमा प्रदर्शनमा राख्न सकिनेछ ।

(ग) भौतिक वा साँस्कृतिक हिसाबले आफ्नो महत्वपूर्ण प्रयोजन गुमाइसकेका वस्तुहरुको सन्दर्भमा र अन्य कुनै विकल्प नभएको अवस्थामा मात्रै तिनलाई प्रतिस्थापित गर्न सकिनेछ । तिनीहरुको मौलिक स्थानसँगको सम्बन्धसूत्रलाई इङ्गित गर्दै त्यस्ता वस्तुहरुलाई उचित स्थानमा सुरक्षित राखी प्रदर्शन गर्न सकिनेछ ।

## भाग ५ : वर्गीकरणमा नपरेका स्मारकहरु

**३७** (क) वर्गीकरणमा नपरेका क्षतिग्रस्त स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माण कार्य सामान्यतया यसै निर्देशिकाको 'सामान्य व्यवस्थाहरु' र वर्गीकृत स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माण निर्देशिका अनुसार गर्न सकिनेछ । तर सबै प्रावधानहरु हुबहु लागु गर्न वाध्यकारी हुने छैन ।

(ख) वर्गीकरणमा नपरेका क्षतिग्रस्त स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माण तथा व्यवस्थापनसंग सम्बन्धित अन्य कुराहरु सरोकारवालाहरुको समन्वयमा पुरातत्व विभागको निर्णय अनुसार हुनेछ ।

## भाग -६ : विविध (Miscellaneous)

(३८) **निर्देशिका बमोजिम गनुपर्ने** - पुरातत्व विभाग स्वयम्ले तथा पुरातत्व विभागको स्वीकृति, समन्वय वा सहकार्यमा अन्य निकायले गर्ने भूकम्पबाट क्षतिग्रस्त स्मारकहरुको संरक्षण, जीर्णोद्धार एवं पुनर्निर्माण सम्बन्धी कार्य यसै निर्देशिका र यसैसाथ संलग्न म्यानुअल बमोजिम गर्नुपर्नेछ ।

(३९) **निर्देशिका संशोधन सम्बन्धी व्यवस्था-** क्षतिग्रस्त स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माणको क्रममा हासिल गरिएको अनुभवको आधारमा यस निर्देशिकाको मूल मर्म प्रभावित नहुने गरी यसलाई समय समयमा संशोधन गर्न सकिनेछ ।

(४०) **कार्य विधिहरु बनाउन सक्ने -** यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि तथा यसमा उल्लेखित कुराहरुको विस्तृतीकरण गर्न पुरातत्व विभागले यस निर्देशिका अर्न्तगत आवश्यकतानुसार अरु कार्यविधि तथा कार्यान्वयन विधिहरु बनाउन सक्नेछ ।

(४१) **संरक्षण, जीर्णोद्धार एवं पुनर्निर्माण म्यानुअल -** यो निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न र निर्देशिकामा उल्लेखित प्राविधिक कुराहरुलाई स्पष्ट गर्न "भूकम्पले क्षति पुऱ्याएका स्मारकहरुको संरक्षण एवं पुनर्निर्माणसम्बन्धी आधारभूत निर्देशिका-२०७२" बनाई यसैसाथ संलग्न गरिएको छ ।

(४२) **पुरातत्व विभागको निर्णय अनुसार हुने -** यस निर्देशिकामा छुटेका वा यसले संबोधन गर्न नसकेका कुराहरुको हकमा पुरातत्व विभागको निर्णय अनुसार हुनेछ ।

(४३) **यसै निर्देशिका बमोजिम हुने -** यस निर्देशिकामा उल्लेखित कुराहरु अन्य मापदण्ड वा कार्यविधि आदिसंग बाझिएमा यसै निर्देशिका बमोजिम हुनेछ । यस्तो अवस्थामा पुरातत्व विभागले विशेष निर्णय पनि गर्न सक्नेछ ।

(४४) **विशेषज्ञीय समिति बनाउन सक्ने -** क्षतिग्रस्त स्मारकहरुको जीर्णोद्धार एवं पुनर्निर्माणको क्रममा आइपर्ने सबैखाले समस्या एवं जटिलतालाई यस निर्देशिकाले संबोधन नगर्न पनि सक्दछ । विभिन्न स्मारकहरुका भिन्न भिन्न एवं आ-आफ्नै समस्याहरु एवं जटिलताहरु हुन सक्छन् । यस्तो अवस्थामा पुरातत्व विभाग लगायतका निकायहरुलाई विशेषज्ञीय सल्लाह सुझाव दिन पुरातत्व विभागले विज्ञ विशेषज्ञहरुको एउटा समिति बनाउन सक्नेछ ।